# **<u>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक)(पहिलो संशोधन) निर्देशिका, २०७४</u>**

निर्वाचन आयोगबाट स्वीकृत मितिः २०७४।८।२७

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका , २०७४ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन , २०७४ को दफा ८० र प्रदेश सभा सदस्य निर्वाचन ऐन , २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस निर्देशिकाको नाम “प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) (पहिलो संशोधन) निर्देशिका, २०७४” रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ को दफा ७ मा संशोधन</u> :** प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४ को दफा ७ को उपदफा (१) मा रहेका "निर्वाचन सम्पन्न भएको दिनसम्म" भन्ने शब्दहरुको सट्टा "निर्वाचन सम्पन्न भएको मितिले पन्ध्र दिन ननाघ्ने गरी निर्वाचन अधिकृतको कार्यालयमा काजमा रहेको मितिसम्म" भन्ने शब्दहरु राखिएका छन् ।